स्थानीय सरकार

# घोराही उप-महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स :
०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४५५
www.ghorahimun.gov.np

मितिः २०८३/०४/०१
थारु संबत् २६४९

प.सं. २०८३/८४

च.नं. ९

विषयः विवरण सम्बन्धमा ।

श्री घोराही उप-महानगरपालिका
नगर कार्यपालिका कार्यालयका सबै महाशाखा/शाखा/इकाईहरु

उपर्युक्त सम्बन्धमा यस कार्यालयबाट सार्वजनिक जवाफदेहिता प्रवर्द्धन तथा गुणस्तरीय सूचना प्रवाहका लागि सरकारी विद्युतीय माध्यम मार्फत पत्राचार सम्बन्धी कामकारवाही तथा वेबसाइट अद्यावधिक गर्नका लागि तपसिल बमोजिमको दस्तावेजहरु सम्बन्धित महाशाखा/शाखाले सूचना तथा संचार प्रविधि शाखामा निरन्तर रुपमा उपलब्ध गराउन हुन अनुरोध छ।

तपसिलः

१) कार्यालयबाट उत्पादित पत्र सम्बन्धित निकायमा सरकारी इमेल मार्फत पठाउनको लागि सूचना तथा संचार प्रविधि शाखालाई बोधार्थ सहितको पत्रको प्रति।

२) वेबसाइटमा सार्वजनिक गर्नु पर्ने सूचनाको सूचना तथा संचार प्रविधि शाखालाई बोधार्थ सहितको प्रति।

३) वेबसाइटमा सार्वजनिक गर्नुपर्ने प्रतिवेदनहरुः- वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन, विस्तृत परियोजना प्रतिवेदन, सार्वजनिक परीक्षण प्रतिवेदन, सार्वजनिक सुनुवाई प्रतिवेदन, सामाजिक परीक्षण प्रतिवेदन, योजना सम्पन्न प्रतिवेदन, अनुगमन प्रतिवेदन, आन्तरिक लेखा परीक्षण प्रतिवेदन, अन्तिम लेखा परीक्षण प्रतिवेदन, आय-व्यय प्रतिवेदन, कार्यक्रमको प्रतिवेदन, योजनको भौतिक तथा वित्तिय प्रगति प्रतिवेदन लगायतका विभिन्न प्रतिवेदनहरुको डिजिटल प्रति।

४) वेबसाइटमा सार्वजनिक गर्नुपर्ने दस्तावेजहरुः- स्थानीय कानून, नीति तथा कार्यक्रम, विषयगत नीति, आवधिक योजना, विभिन्न विषयगत योजना तथा परियोजना, बजेट तथा कार्यक्रम, मध्यमकालिन खर्च संरचना, खरिद योजना, गुरुयोजना आदिको डिजिटल प्रति।

५) वेबसाइटमा सार्वजनिक गर्नुपर्ने निर्णयहरुः- नगरसभाका निर्णय, कार्यपालिकाका निर्णय, विभिन्न समितिका निर्णयको स्कयान प्रति।

६) वेबसाइटमा सार्वजनिक गर्नुपर्ने अन्य विवरणः- जनप्रतिनिधिको विवरण, कर्मचारीको विवरण, विभिन्न कार्यक्रम अन्तर्गत लाभग्राही विवरण, सम्पन्न आयोजनाको विवरण, ढाँचा, फाराम आदिको डिजिटल प्रति।

२०८३/०४/०१
चन्द्र प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत